जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २७ २०७९ साल भदौं १ गते बुधबार (17 Aug 2022 Wednesday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*




*यस अंक भित्र :* २ पृष्ठमा : निर्वाचनलाई सुव्यवस्थित... ३ पृष्ठमा : राष्ट्रिय भूमि आयोगको ... ३ पृष्ठमा :सुकीलाई थप ६ वर्षको ...

# २२ वर्षपछि राजविराजमा यातायात व्यवस्था कार्यालयको पुनःस्थापना




**दैनिक समाचारदाता**
**राजविराज, ३१ साउन ।**

बि.स. २०५७ सालमा राजविराजमा रहेको यातायात कार्यालयललाई सिरहाको लहानमा सारिएपछि सप्तरीवासीलाई २२ वर्षदेखी सिरहाको लहान धाउनु पर्ने बाध्यताको अन्त भएको छ।

सिरहाको लहानबाट यथावत रुपमा सेवा प्रवाह हुँदै रहने र नयाँ शाखाको रुपमा राजविराजमा समेत कार्यालयको मंगलबार उद्घाटन भएको छ।

मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादव र अर्थमन्त्री शैलेन्द्र साहले एक कार्यक्रमबीच यस कार्यालयको

***बाँकी अन्तिम पृष्ठमा***

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १४ वर्ष देखी संचालन हुदै आएको

**ओमरसियरी क्याम्पस**

( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**

( ३ बर्षे )

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य- गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०७९ भदौं ९ गते सम्म ।

सम्पर्क :

**सफटेक इन्जिनियरिङ्ग कलेज**

रुपनी रोड, राजविराज-८ (सप्तरी)

फोन नं.-०३१-५२०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

भर्ना खुल्यो भर्ना खुल्यो

"आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा"

न्यूनतम शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्ने सुनौलो अवसर

CTEVT र राजविराज नगरपालिकाको संयुक्त साझेदारीमा संचालित बहुप्राविधिक शिक्षालय

**राजविराज पोलिटेक्निक इन्स्टिच्युट**

राजविराज, सप्तरी

आवेदन फारम भर्ने अन्तिम मिति २०७९ भाद्र ०९ गते

SEE/SLC/TSLC पछि ३ वर्षे डिप्लोमा

सिभिल इन्जिनियरिङ्ग

जियोमेटिक्स(सर्भे) इन्जिनियरिङ्ग

प्रवेश परीक्षा दिने मिति २०७९ भाद्र १० गते दिउँसो ३:०० बजे

कार्यालय: ०३१-५९००९०, ९८२९७८४७२३

प्रिन्सिपल: ९८१६६४५१६६

Email: info.rajbirajpolytechnic@gmail.com

भर्ना खुल्यो भर्ना खुल्यो

भर्ना खुल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

हाम्रा बिशेषताहरु –

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७९/४/१२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७९/५/९
प्रवेश परिक्षा मिति : २०७९/५/१६ गते बिहान ८ बजे

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५२१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सूचना । सूचना ॥ सूचना ॥।

### कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ। तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ।

**शल्यक्रिया हुने स्थान** : प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

**सम्पर्क नं.** ०३१-५९०००५
**नरेश कुमार यादव** : ९८०४७४२२८०, ९७४२२७०७८४

**आयोजक**

IMPACT Nepal

इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी

## सम्पादकीय ....

### कार्यालयहरुको पुनःस्थापनाले जिल्लाको विकासमा सहयोग पुग्ने

विगतमा सप्तरीबाट अन्य जिल्लामा सारिएका विभिन्न सरकारी कार्यालयहरु पुनः जिल्लामै स्तान्तरण भएका छन् । लामो समयको प्रतिक्षार्थ जिल्लामा करदाता सेवा कार्यालय र यातायात व्यवस्था सेवा कार्यालयको पुनःस्थापना भएको छ । यी दुबै कार्यालय नहुँदा जिल्लावासी सिरहाको लहानस्थित कार्यालय पुग्नु पर्ने बाध्यता रहेको थियो । तर अब जिल्लावासी यी झन्झटबाट मुक्त भएका छन् । एकै दिनमा कर र यातायात सम्बन्धी कार्य नहुँदा जिल्लावासीलाई निकै कष्ट भोग्नु पर्ने बाध्यता थियो ।

संघ सरकारको मातहतमा रहेको करदाता सेवा कार्यालय र मधेश प्रदेश सरकारको मातहतमा रहेको यातायात व्यवस्था सेवा कार्यालयको पुनःस्थापना पश्चात् जिल्लावासी स्थानियस्तरबाटै सेवा लिन सक्नेछन् । करदाता सेवा कार्यालय एक वर्ष अघि सप्तरी सदरमुकाम राजविराजमा पुनःस्थापना भएको थियो भने यातायात कार्यालयको मंगलबार उद्घाटन भएको छ । यी दुबै कार्यालय आएपछि जनताहरु फजुलको खर्च हुनबाट मुक्त भएका छन् । यो एउटा जिल्लावासीका लागि गर्वको कुरा हो । दुबै कार्यालय पुनःस्थापनाका लागि प्रदेश सरकार तथा स्थानियहरुको पहल सह्ननिय रहेको छ । विगतमा भएको सानो भुलका कारण जिल्लावासीहरुले भोग्नु परेको कठिनाईलाई स्मरण गर्दै अब यस्ता भुल दोहरिन नदिन सबै सचेत हुनु आवश्यक छ ।

तसर्थ जिल्लाको विकासका लागि यस्ता कार्यालयहरुको पुनःस्थापनाले ठूलो भूमिका खेल्ने निश्चित छ । यसका लागि जिल्लावासी चनाखो हुनुका साथै सचेत हुनु त्यति आवश्यक रहेको छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# निर्वाचनलाई सुव्यवस्थित तुल्याउन तीव्र गृह कार्यमा छौं : आयोग

काठमाडौँ, ३१ साउन (रासस) ।

निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको आगामी मङ्सिर ४ गते हुने निर्वाचनलाई सुव्यवस्थित रुपले सम्पन्न गर्न निर्वाचन कार्यतालिका स्वीकृत गरी थप गृह कार्यलाई तीव्र तुल्याएको छ ।

सोही क्रममा आयोगले निर्वाचनका लागि आवश्यक पर्ने निर्देशिका, कार्यविधिको तर्जुमा र परिमार्जनको काम गरेको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाकाअनुसार आयोगले यसबीचमा निर्वाचनमा भाग लिन चाहने राजनीतिक दल दर्ताका लागि आह्वान, आर्थिक व्यवस्थापन कार्यविधि र बजेट तर्जुमाको काम गरेको छ । मिति घोषणापछि तयारीका लागि आयोगलाई एक सय सात दिन समय उपलब्ध छ । निर्वाचनका लागि खर्च करिब रु १० अर्ब लाग्ने र कूल मतदाता सङ्ख्या करिब एक करोड ८२ लाख हुने आयोगको अनुमान छ । मतदाता नामावली अद्यावधिक कार्य प्रारम्भ, मतदानस्थलको पुनरावलोकन र समानुपातिकतर्फको निर्वाचन कार्यक्रम पनि स्वीकृत गरिसकेको छ ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित र मितव्ययी बनाउने सन्दर्भमा आयोगले अन्तर्राष्ट्रिय संस्थालाई पर्यवेक्षणका लागि सूचना प्रकाशित गरी आह्वान समेत गरी सकेको छ । आगामी निर्वाचनमा करिब १० हजार आठ सय २५ मतदानस्थल र अस्थायीबाहेक करिब २२ हजार ५०० मतदानस्थल रहने छन् । बालिग मताधिकारको प्रयोग गर्ने सिलसिलामा आगामी निर्वाचनको अघिल्लो दिन १८ वर्ष उमेर पुगेका मतदातालाई मताधिकार हुनेछ । निर्वाचनलाई विश्वासनीय तुल्याउन मतगणनास्थलमा सिसीटीभीको जडान र अनुगमन कार्यको थालनी आयोगले यस अघिकै निर्वाचनबाट प्रारम्भ गरिसकेको छ ।

राष्ट्रिय मान्यता प्राप्त बाहेकका अन्य दललाई पनि सम्बन्धित दलकै निर्वाचन चिह्न प्रदान गरी आयोगले स्वावासी कमाइ सकेको छ । मतदाता शिक्षाको ढाँचा परिवर्तन गरी आयोगले डिजिटल माध्यममा जोड दिएको छ । आयोगले अघि सारेको मतदाता शिक्षा सम्बन्धी नीतिकाकारण प्रति मतदाता खर्चमा उल्लेख्य कटौति भएको छ । निर्वाचनमा मतदाताको सहभागिता बढाउन तथा बदरमत प्रतिशत घटाउन आयोगले विषय विज्ञ र राजनीतिक दलका प्रतिनिधिसँग निरन्तर सम्वाद गरी सुझाव कार्यान्वयन गर्दैआएको छ ।

निर्वाचनमा खटिने कर्मचारी, सुरक्षाकर्मी, कैदीबन्दी, स्वीकृती लिई सञ्चालनमा रहेका बृद्धाश्रममा रहेका मतदातालाई अस्थायी मतदाता सूचीमा समावेश गरी समानुपातिकतर्फ मताधिकारको व्यवस्था गर्ने आयोगको सोच रहेको बताएको छ । निर्वाचनलाई स्वतन्त्र र स्वच्छ तुल्याउन आयोगले विभिन्न तहमा अनुगमन समयन्त्र मार्फत चुनावलाई भड्किलो र खर्चिलो हुनबाट रोक्न भगिरथ प्रयास गरिरहेको छ । निर्वाचनलाई प्रभाव पार्ने मिथ्या सूचना र दुष्प्रचारलाई रोक्न अनुगमनको प्रभावकारी समयन्त्रको व्यवस्थाको शुरुवात गरी सकेको छ । निष्ठाको राजनीतिलाई प्रोत्साहन गर्न आयोगले उम्मेदवारी दर्ता गर्दा उम्मेदवारको सम्पति विवरण लिने तथा उम्मेदवारको योग्यता, राजीनामा, पेश्की, बेरुजु आदि विषयमा स्वघोषणा लागू गर्ने सोच अघि सारेको छ । आयोगले ७६ बुँदाको निर्वाचन कार्यतालिका स्वीकृत गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, मितव्ययी र निश्पक्ष तुल्याउन मूल लक्ष्यतर्फ अग्रसर भइसकेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो ।

निर्वाचन कार्यतालिकामा बजेट अनुमान, राजनीतिक दल दर्ता र स्वीकृति, उम्मेदवारी मनोनय, निर्वाचन अधिकृत खटनपटन, मतदाता नामावली र मतपत्र छपाइ, निर्वाचन सामाग्री व्यवस्थापन, ढुवानी, अनुगम तथा मतदान र मतगणनासम्मका विषयबस्तु समेटिएको छ । उहाँले भन्नुभयो, "स्वीकृत निर्वाचन कार्यतालिका अनुसार आयोगले सबै कामलाई योजनाबद्ध र व्यवस्थित ढङ्गबाट अघि बढाइरहेको छ, निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निश्पक्ष, मितव्ययी बनाउन हामी तीव्र गृहकार्यमा छौं ।"

# प्रदेशमा फरेन्सिक ल्याब स्थापना गरिने : गृह तथासञ्चारमन्त्री साह

जनकपुरधाम, ३१ साउन (रासस) ।

मधेस प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले अपराध अनुसन्धानका लागि प्रदेशमा फरेन्सिक ल्याब स्थापना गरिने बताउनुभएको छ । मधेस प्रदेश प्रहरी कार्यालयद्वारा जनकपुरधाममा सुरु भएको प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठीमा उहाँले अपराध अनुसन्धानलाई अझ बढी वैज्ञानिक र भरपर्दो बनाउन प्रदेशमा फरेन्सिक ल्याब स्थापना गरिने बताउनुभयो ।

प्रदेश सरकारको नीति तथा कार्यक्रममा फरेन्सिक ल्याब निर्माण गर्ने निश्चित गरिसकेकोले सरोकारवालासँग आवश्यक परामर्श गरेर ल्याब स्थापनाको काम अघि बढाउने बताउँदै मन्त्री साहले ल्याब स्थापनापश्चात् अपराध अनुसन्धान प्रक्रियामा अझ नयाँपन आउने बताउनुभयो । प्रविधिमैत्री अनुसन्धान प्रक्रिया अघि बढाउन आग्रह गर्दै उहाँले त्यसका लागि प्रदेश सरकारले आफूसँग भएको स्रोतसाधन लगानी गर्न प्रतिबद्ध रहेको बताउनुभयो ।

साइबर क्राइम र लागुऔषध मधेस प्रदेशका लागि प्रमुख चुनौती रहेको उल्लेख गर्दै उहाँले साइबर क्राइम र लागुऔषध नियन्त्रणका लागि ठोस् नीति अङ्गिकार गर्नुपर्ने बताउनुभयो । आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन सुरक्षाकर्मीलाई निर्देशन दिँदै उहाँले यसका लागि प्रदेश सरकार सहयोग गर्न तयार रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल प्रहरीका प्रमुख प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले अन्य प्रदेशको तुलनामा मधेश प्रदेशका जिल्लामा जघन्य अपराध, तस्करी र साइबर अपराधको घटना प्रमुख समस्याका रूपमा देखा परेको बताउनुभयो । साइबर अपराधको मुद्दा दर्ता गराउने ठाउँ काठमाडौँमा मात्र भएकाले सेवाग्राहीलाई सास्ती भइरहेको भन्दै उहाँले प्रदेशस्तरमा पनि साइबर अपराधको मुद्दा दर्ता र मुद्दा हेर्ने विशेष इजलास गठन गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक उत्तमराज सुवेदीले करिब ८० प्रतिशत अपराधका घटना चिनेजानेका र आफन्तबाट हुने गरेको देखिएको बताउनुभयो । उहाँले अपराधको प्रकृति र प्रविधिमा आएको परिवर्तनले अपराध अनुसन्धानमा चुनौती थपिएको उल्लेख गर्दै परम्परागत अपराध अनुसन्धान पद्धतिबाटमाथि उठ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

मधेस प्रदेशका जिल्लामा अपराध अनुसन्धान अवस्था र सुधार गर्न सकिने पक्षका बारेमा छलफल गरी ठोस र साझा एजेण्डा तय गर्ने उद्देश्यले आयोजित गोष्ठीमा प्रदेशका आठ वटै जिल्लास्थित नेपाल प्रहरीका प्रहरी अधिकृतहरुको सहभागिता थियो ।

# आयात-निर्यातको सटही सुविधामा कडाइ

काठमाडौँ, ३१ साउन (रासस) ।

नेपाल राष्ट्र बैंकले आयात-निर्यातका लागि प्रदान गरिने विदेशी मुद्राको सटही सुविधामा कडाइ गरेको छ । त्यस माध्यमबाट हुने सक्ने सम्पत्ति शुद्धीकरणको कार्यलाई नियन्त्रण गर्ने व्यवस्था गरेको छ ।

केन्द्रीय बैंकले मंगलबार एकीकृत निर्देशिका जारी गर्दै आयात तथा निर्यातका माध्यमबाट हुने 'मनी लण्डरिङ'को कार्यलाई निरुत्साह तथा नियन्त्रणमा सघाउ पुग्ने गरी इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाले आवश्यक कार्यविधि बनाउनुपर्नेछ ।

त्यसका लागि आन्तरिक संरचना बनाई वस्तुको अन्तर्राष्ट्रिय बजार मूल्यमा उल्लेखित मूल्यबीच तुलनात्मक विश्लेषण गरी यथार्थपरका देखिएमा मात्रै सटही सुविधा जारी गर्न सकिने एकीकृत निर्देशिकामा उल्लेख छ ।

कागजमा एउटा र सामान आयातमा अर्को हुने तथा विदेशी मुद्राको बढी कारोबार गर्ने प्रचलन बढेपछि केन्द्रीय बैंकले कडा नीति अख्तियार गरिएको जनाएको छ । एक वर्ष वा सोभन्दा बढी अवधिको विदेशी ऋण भित्र्याएका 'क' वर्गका बैंकलाई विदेशी विनिमय जोखिम हेजिङ गर्ने प्रयोजनका लागि उक्त ऋणको बक्यौता साँवा तथा ब्याज बराबर हुने रकमसम्मको र ऋणको अवधिसम्मको डेरिभेटिभ्स खरिदको कारोबार गर्न पनि आवश्यक सीमा नलाग्ने उल्लेख छ ।

राष्ट्र बैंकले इजाजतप्राप्त कम्पनीमार्फत सम्बन्धित लाभग्राहीको खातामा जम्मा गर्ने गरी दैनिक रु १५ लाखसम्मको विप्रेषण रकम ल्याउन सक्ने प्रबन्ध गरेको छ । इजाजतप्राप्त विप्रेषण कम्पनीले रकम सङ्कलन र भुक्तानी गर्दा प्रचलित व्यवस्थाबमोजिम ग्राहक पहिचानको कागजात लिएको हुनुपर्ने व्यवस्था गरिएको छ । त्यस्तो कारोबारसम्बन्धी विवरण संलग्न ढाँचामा मासिकरूपमा प्रत्येक महिना समाप्त भएको मितिले सात दिनभित्र विभागमा पेश गर्नुपर्नेछ ।

बैंक तथा वित्तीय संस्था तथा विप्रेषण कम्पनीले यस बैंकबाट अनुमतिप्राप्त भुक्तानी प्रणाली सञ्चालककसँग सहकार्य गरी जारी गरेका कार्डमा समेत विद्यमान व्यवस्थाको अधीनमा रही विप्रेषण भित्र्याउन सक्ने प्रबन्ध गरिएको छ ।

# राष्ट्रिय भूमि आयोगको काम किन प्रभावकारी भएन ?

काठमाडौँ, ३१ (रासस)।

वर्षौंदेखि अव्यवस्थित भूमिहिन बसोबासीको उचित व्यवस्थापनको काम प्रभावकारी रूपमा हुन नसकेको भन्दै प्रतिनिधिसभाको मंगलबारको बैठकको शुन्य समयमा सांसदहरूले सरकारको ध्यानाकर्षण गराउनुभएको छ। भूमिहिनलाई जग्गाको लालपूर्जा वितरण गर्न गठन भएको राष्ट्रिय भूमि आयोग गठन भएको एक वर्ष पूरा भएपनि देखिने गरी काम हुन नसकेको भन्दै सांसद लालप्रसाद सावा लिम्बुले सरकारको ध्यानाकर्षण गराउनुभयो।

विकास निर्माणको काम प्रभावकारी रूपमा अगाडि बढ्न नसकेको भन्दै सांसद लालबाबु यादवले गुनासो गर्नुभयो। पाँचथरको रङ्गशाला निर्माणमा भइरहेको ढिलाईप्रति सांसद वसन्त नेम्वाङले तत्काल बजेटको प्रबन्ध गर्न माग गर्नुभयो।

सांसद विमला विश्वकर्मा, शान्ता चौधरी र बिनाकुमारी श्रेष्ठले राष्ट्रपतिले पुनः विचारका लागि फिर्ता पठाउनुभएको नागरिकता विधेयक तत्काल प्रक्रियामा लैजान माग गर्नुभयो। उहाँहरूले पुनः छलफल गरेर राष्ट्रिय सहमतिसहित नागरिकता विधेयकलाई अगाडि बढाउन आग्रह गर्नुभयो।

सांसद शक्तिबहादुर बस्नेतले चौरजहारी विमानस्थलमा नेपाल वायु सेवा निगमले दिँदै आएको हवाई सेवा बन्द भएकाले त्यसलाई पुनः सञ्चालनका लागि पटक पटक आग्रह गरिएपनि सुनुवाई नभएको गुनासो गर्नुभयो। सांसद सत्य पहाडीले प्रधानमन्त्री रोजगार कोषलाई प्रभावकारी बनाउन माग गर्नुभयो। सांसद डा सूर्य पाठकले बाग्लुङको निर्माणाधिन सडकमा निर्माण व्यवसायीले प्रभावकारी काम नगरेका कारण स्थानीयबासीले दुःख पाएकोमा आपत्ति जनाउनुभयो।

सांसद हरिराज अधिकारीले बुढीगण्डकी जलविद्युत् आयोजनाको काम शिघ्र सुरु गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद हितबहादुर तामाङले काठमाडौँ उपत्यकाको फोहोरमैला व्यवस्थापनका लागि कुनै पनि योजना नहुँदा एक सय ७४ पटक सम्झौता भएपनि समस्या समाधान हुन नसकेकामा आपत्ति प्रकट गर्नुभयो। सांसद हीरा गुरुङले पनि फोहर व्यवस्थापन हुन नसक्दा काठमडौँ उपत्यका दुर्गन्धित भएको पाइएकाले तत्काल समस्या समाधान गर्नुपर्ने बताउनुभयो।

शुन्य समयमा सांसदहरू सीताराम महत्तो, सरिताकुमारी गिरी, नारायण शर्मा खनाल, शिवमाया तुम्वाहाम्फे, विष्णु शर्मा, लालबहादुर थापा र लक्ष्मी परियारले विभिन्न समसामयिक विषयमा सदनको ध्यानाकर्षण गराउनुभयो।

# भदौ ५ देखि पचास जिल्लाका बालबालिकाका लागि कोरोना विरुद्धको खोप

काठमाडौँ, ३० साउन (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले दोस्रो चरणमा ५० जिल्लाका ५ देखि १२ वर्षमुनिका बालबालिकाका लागि कोरोना भाइरस विरुद्धको खोप लगाउन थालेको छ। भदौ ५ गतेदेखि ११ गतेसम्म कोरोना भाइरस विरुद्धको खोपको पहिलो मात्रा दिइने छ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीका अनुसार दोस्रो चरणमा ५० जिल्लाका बालबाबालिकालाई कोरोना विरुद्धको खोप 'फाइजर बायोएनटेक' दिन लागिएको हो। भदौ ५ गतेदेखि ११ गतेसम्म पहिलो मात्रा लगाएका बालबालिकालाई दोस्रो मात्रा भदौ २७ देखि असोज १ गतेसम्म सञ्चालन गरिने छ।

यसअघि २७ जिल्लाका बालबालिकालाई कोरोना भाइरस विरुद्धको खोप लगाइएको थियो। बालबालिकालाई विद्यालयमा नै खोप केन्द्र स्थापना स्थापना गर्नाका साथै बालमन्दिर र कारागारमा समेत खोप लगाइने छ। ५ देखि १२ वर्षमुनिका उमेरका विद्यालयले तयार गरेको कक्षागत सूची, नामावली, विद्यालयले उपलब्ध गराएको परिचयपत्रका आधारमा खोप लगाइने छ।

यस्तै विद्यालयमा सूचीकृत नभएका बालबालिकाहरूको हकमा उमेर खुल्ने परिचयपत्र वा निजको अभिभावकले स्वघोषणा गरेको उमेर पुगेका बालबालिकालाई खोप लगाइने छ।

प्रदेश नं १ को भोजपुर, धनकुटा, खोटाङ, ओखलढुङ्गा, पाँचथर, सङ्खुवासभा, सोलुखुम्बु, ताप्लेजुङ, तेह्रथुम र उदयपुर, मधेस प्रदेशको बारा, रौतहट र सर्लाही, बागमती प्रदेशको रामेछाप, दोलखा, धादिङ, नुवाकोट, रसुवा र सिन्धुपाञ्चोकका बालबालिका रहेका छन्।

यस्तै गण्डकी प्रदेशको बागलुङ, गोरखा, लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, स्याङ्जा र तनहुँ, लुम्बिनी प्रदेशको कपिलवस्तु, अर्घाखाँची, गुल्मी, पाल्पा, प्यूठान, रोल्पा, पूर्वी रुकुम, कर्णाली प्रदेशको पश्चिम रुकुम, सल्यान, डोल्पा, हुम्ला, जुम्ला, कालीकोट, मुगु, दैलेख र जाजरकोट रहेका छन्।

यस्तै सुदूरपश्चिम प्रदेशको अछाम, डोटी, बझाङ, बाजुरा, बैतडी र दार्चुलाका बालबालिका रहेका छन्।

# माओवादीको चुनाव चिह्नमा लड्ने भए यी दलले चुनाव

काठमाडौँ, ३१ साउन (रासस)।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा नेकपा (माओवादी केन्द्र) र नेपाल समाजवादी पार्टीले एउटै चुनाव चिह्न प्रयोग गर्ने भएका छन्।

माओवादीको मंगलबारै बसेको स्थायी समितिको बैठकले डा बाबुराम भट्टराई नेतृत्वको समाजवादी पार्टीलाई आफ्नो चुनाव चिह्न प्रयोग गर्न दिने निर्णय गरेको थियो। पार्टी प्रवक्ता कृष्णबहादुर महराले समाजवादी पार्टीलाई आफूहरूको चुनाव चिह्न प्रयोग गर्न दिने निर्णय भएको जानकारी दिनुभयो।

सोही निर्णयानुसार नै माओवादीका तर्फबाट केन्द्रीय कार्यालयका सदस्य शिव खकुरेल र समाजवादी पार्टीका केन्द्रीय कार्यालयकै मुख्यसचिव फणिन्द्र देवकोटालाई निर्वाचन आयोगमा त्यससम्बन्धी जानकारीका लागि पठाइएको छ।

दुई दलले आयोगमा संयुक्तरूपमा निवेदन दिएका छन्। यस आधारमा अब माओवादीको निर्वाचन चिह्न हँसिया हथौडा प्रयोग हुनेछ। यस्तै राष्ट्रियसभा सदस्य वामदेव गौतमको नेतृत्वको नेकपा एकता अभियानले पनि माओवादीकै निर्वाचन चिह्न प्रयोग गर्नेछ।





डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

Phone : 031-533774

Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### सुकीलाई थप ६ वर्षको जेल सजाय

नेपिडाव, ३१ साउन (रासस/एएनआई)।

म्यानमारकी अपदस्थ नेतृ आङ सान सुकीलाई सोमबार भ्रष्टाचारको आरोपमा दोषी ठहर गर्दै थप छ वर्ष जेल सजाय थपिएको छ।

आङ सान सुकीलाई आफ्नो पदको दुरुपयोग गरी सार्वजनिक जग्गा बजारभन्दा कम मूल्यमा भाडामा लिएको आरोप लगाइएको छ।

अपदस्थ नेतालाई चारवटा मुद्दामध्ये प्रत्येकमा तीन वर्षको सजाय सुनाइएको छ, तर तीमध्ये तीनका लागि सजाय एकैसाथ सुनाइनेछ। उहाँलाई थप छ वर्षको जेल सजाय दिइने अल जजीराले एक कानूनी अधिकारीलाई उद्धृत गर्दै जानकारी दिएको छ।

सतहत्तर वर्षीया सुकीलाई सन् २०२१ को फेब्रुअरीमा सेनाले म्यानमारमा सत्ता कब्जा गरेपछि देशद्रोह, भ्रष्टाचार र अन्य आरोपमा ११ वर्षको जेल सजाय सुनाएको थियो।

यद्यपि, आङ सान सुकीले सबै आरोप अस्वीकार गर्नुभएको र उहाँका वकिलले अपील गर्ने अपेक्षा गरिएको अल जजीराले जनाएको छ।

यो निर्णय लोकतान्त्रिकरूपमा निर्वाचितलाई बदनाम गर्ने सैनिक सरकार अर्को हताश प्रयास भएको म्यानमारको राष्ट्रिय एकता सरकारका विदेशमन्त्री जिन मार आङले भन्नुभएको छ। म्यानमार सैनिक सरकारको आलोचना गर्दै उहाँले आङ सान सुकीको रिहाइको लागि पनि आह्वान गर्नुभएको छ।

आङ सान सुकी र उनका सहयोगीविरुद्ध लगाइएका धेरै आरोप अर्को वर्ष हुने चुनावमा अलोकप्रिय बनाइ यी राजनीतिज्ञलाई राजनीतिबाट हटाउने सेनाको प्रयासको हिस्सा भएको विश्लेषकले बताएका छन्।

यसैबीच, मलेसियाका विदेशमन्त्री सैफुद्दिन अब्दुल्लाले दक्षिणपूर्वी एसियाली राष्ट्रको सङ्गठन (आसियान)लाई म्यानमारका मुद्दामा छलफल गर्न दबाब दिइरहनु भएको छ। दश सदस्यीय यस समूहको मलेसिया पनि सदस्य हो। उहाँले पछिल्लो जेल सजायको निन्दा गर्नुभएको अल जजीराका जनाएको छ।

म्यानमारले पछि सैन्य विद्रोहको एक वर्ष पूरा हुनुअघि देशमा आपतकालिन अवस्थालाई छ महिना थप गरेको छ म्यान्मारका सैन्य नेता वरिष्ठ जनरल मिन आङ ह्लिङले २०२१ मा एक निर्वाचित नागरिक सरकारको विरुद्धमा विद्रोहको नेतृत्व गर्दै आङ सान सुकीलाई चुनावी अनियमितताको आरोपमा हिरासतमा राख्नु भएको थियो।

गत वर्ष अगस्टमा मिन आङ ह्लिङले आफूलाई नवगठित कार्यवाहक सरकारको प्रधानमन्त्री घोषणा गर्नुभएको थियो। अगस्ट १ मा राष्ट्रका नाममा सम्बोधन गर्दै उहाँले सन् २०२३ सम्ममा चुनाव गराउने वाचा गर्नुभएको थियो।

हडताल र विरोध प्रदर्शनमा म्यानमारको सुरक्षाबलले एक हजारभन्दा बढी नागरिकको हत्या गरेको र अन्य हजारौँलाई गिरफ्तार गरेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ। लोकतन्त्रलाई पटरीमा पारेको भन्दै अन्तरराष्ट्रिय जगतमा म्यानमार सैन्य सरकारको निन्दा भएको छ।

### अफगान बाढीमा एकतिस जनाको मृत्यु, कैयौँ बेपत्ता

काबुल, ३१ साउन (रासस/एएनआई)।

अफगानिस्तानको उत्तरी क्षेत्र परवानमा अविरल वर्षापछि आएको बाढीमा परी कम्तीमा ३१ जनाको मृत्यु हुनाका साथै १७ जना घाइते भएका छन्।

तालिबान नियन्त्रित बख्तर राज्यको समाचार समितिले दर्जनौं वेपत्ता भएकाले मृत्यु हुनेको सङ्ख्या बढ्न सक्ने जनाएको छ। हिन्दुकुश पर्वत शृङ्खलामा अवस्थित देशको पहाडी प्रान्त परवान मूसलधारे वर्षापछिको बाढीले धेरै आवासीय भवन र सयौं एकड खेतीयोग्य जमिनमा क्षति भएको छ।

बाढीका कारण परवान-बम्यान राजमार्ग अवरुद्ध भएको छ पूर्वमा नान्गाहार प्रान्त र उत्तरमा पन्जशिर प्रान्तलगायत अन्य धेरै प्रान्तमा पनि त्यसको असर परेको छ।

विगत केही दिनदेखिको अविरल वर्षा र आँधीले देशका पूर्वी र मध्यक्षेत्रका तीन प्रदेशका अनेक गाउँबस्ती पनि प्रभावित भएका छन्। बाढीले सयौं आवासीय संरचना, हजारौं एकड खेतबारी र दर्जनौं बगैंचामा क्षति पुऱ्याएको स्थानीयवासीले बताएका छन्।

करिब दुई साताअघि पूर्वीनुरिस्तान प्रान्तको एउटा गाउँमा आएको बाढीमा परी महिला र बालबालिकासहित ४० जनाभन्दा बढीको मृत्यु भएको थियो भने धेरैजना घाइते भएका थिए।

पन्जशिर र तखार प्रान्तमा भीषण वर्षा र बाढीले ठूलो धनजनको क्षति भएको तथा करिब दुई हजार नौ सय घरमा क्षति भएको छ। सडक र पुलजस्ता महत्वपूर्ण नागरिक पूर्वाधारहरू पनि प्रभावित भएका छन्। मनसुनी वर्षा र बाढीका कारण अफगानिस्तानमा चार सय जनाको मृत्यु भइसकेको बताइएको छ।

यसैबीच, अफगानिस्तानको मौसम विज्ञान विभागले भोलि देशभरका २२ प्रान्तमा भारी वर्षा र बाढीको सम्भावना रहेको जनाउँदै सबैलाई सतर्क रहन चेतावनी दिएको छ।

# हात्तिले दुई जनाको घर भत्काउनुका साथै अन्नबाली नष्ट



**दैनिक समाचारदाता**
**राजविराज, ३१ साउन ।**

सप्तरीको पूर्वी भेगमा हात्तिले पुनः आंतक मच्याएको छ । आइतबार राती जिल्लाको कंचनरुप नगरपालिका १२ बस्तिपुरका दुई स्थानियको घर तोडफोड गर्नुका साथै हात्तिले अन्नबाली खाइदिएका छन् ।

स्थानिय काली बहादुर बिकको घर ताडफोड गर्दै हात्तिले चामलसहित अन्य खाद्यान्न तथा टेक बहादुर विकको जनता आवास कार्यक्रमबाट निर्माण भएको घरको भित्ता लडाइदिनुका साथै भान्सा घरमा रहेको खाद्यान्न खानुका साथै नष्ट गरेको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

यसअघि पनि ती क्षेत्रमा हात्तिले पटक पटक आंतक मच्याउँदा पनि स्थानिय निकाय निरिह बनेका छन् । हालसम्म आत्तिको आंतक रोक्न कुनै ठोस पहल नभएको स्थानियहरुको आरोप छ । कंचनरुप क्षेत्रमा विगतका वर्षहरुमा हात्तिका कारण १४ जनाले ज्यान गुमाइसकेका छन् भने तीन दर्जन भन्दा बढी घाइते भएका छन् ।

# गत वर्ष लुटिएको गहुँ अहिले कर्मचारीले लान खोज्दा पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३१ साउन ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. ६ कोचाबखारीस्थित कृषि शाखामा लुकाइराखिएको गहुँ सोही शाखामा कार्यरत कर्मचारी सिंहेश्वर महतो चोरी गर्दै गर्दा पक्राऊ परेका छन् ।

सोमबार राति करिव ९ बजे गाडिमा गहुँ लोड गरिरहेको अवस्थामा स्थानियले वडा अध्यक्ष, उपाध्यक्ष तथा प्रहरीलाई जानकारी गराएका थिए । जानकारी गराए लगत्तै घट्नास्थल पुगेका जनप्रतिनिधिसहित प्रहरी टोलीले लोड गर्दै गरेको गहुँ र गाडिसहित घटनामा संलग्न चार चनालाई पक्राउ गरेको छ ।

करिव एक सय बोरा गहूँको बोरासहित पक्राउ परेका घटनाका मुख्य ओरापी महतोसहित चारै जनालाई ईलाका प्रहरी सखडामा राखिएको छ ।

यता वडा अध्यक्ष कपिलेश्वर साहका अनुसार बरामद भएका गहुँ गत वर्ष किसानका लागि वितरण गर्न ल्याईएको थियो तर, सो गहुँको बोरा लुटिएका थिए । तर, महतोले पालिकाबाट सबै गहुँ लुटिएको पालिकालाई जानकारी गराएका थिए ।

# आठ सय ४८ संक्रमित थपिए

काठमाडौं, ३१ साउन (रासस) ।

कोरोना भाइरसको संक्रमण मंगलबार आठ सय ४८ जनामा देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको नियमित बुलेटिनमा पाँच हजार छ सय १९ परीक्षणमध्ये सो संख्यामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो ।

सक्रिय संक्रमितको संख्या पाँच हजार दुई सय ५९ पुगेको छ । यस्तै मंगलबार कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई पाँच सय २६ घर फर्किएका छन् ।

यस अवधिमा कोरोना भाइरसको संक्रमणबाट एक जनाको निधन भएको छ ।

# लाखौं रकम र गरगहनासहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**सर्लाही, ३१ साउन ।**

सर्लाहीको बरहथवाबाट लाखौं रकम र गरगहनासहित दुईजना पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय बरहथवाबाट खटिएको प्रहरी टोलीले ३६ लाख नगद र गरगहनासहित दुईजनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा डोटीको शिखर नगरपालिका ७ स्थायी घर भई काठमाडौंको कपन बस्दै आएका ३० वर्षीय हर्कबहादुर कठायत र भक्तपुरको चाँगुनारायण २ दुवाकोटका ३१ वर्षीय विशाल खत्री रहेका जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायब उपरीक्षक विजय यादवले जानकारी दिएका छन् ।

मोटरसाइकलसहित उनीहरूलाई रोकेर प्रहरीले खानतलासी गरेको थियो । यता घटनाबारे थप अनुसन्धान भइरहेको सर्लाही प्रहरीले जनाएको छ ।

## २२ वर्षपछि ...

उद्घाटन गरेका हुन् ।

राजविराज ९ मा भाडाको घरमा कार्यालय संचालनमा आएपनि आवश्यक जग्गाको व्यवस्था हुनासाथ आफ्नै भवनमा कार्यालय संचालन तथा ट्रायल र लाइसेन्सको सेवा समेत यहीबाट उपलब्ध हुने कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेशका भौतिक पूर्वाधार तथा विकास मन्त्री यादवले बताए ।

उद्घाटन समारोहमा मधेश प्रदेशका अर्थमन्त्री साहले प्रदेश सरकारलाई सबै भन्दा बढी राजश्व दिने कार्यालय नै यातायात व्यवस्था सेवा कार्यालय रहेकोले यसलाई व्यवस्थित र यसको सेवा बिस्तार गर्न प्रदेश सरकार लागिपरेको बताए ।

नयाँ शाखाको रुपमा कार्यालय स्थापना भएपछि अब सवारीसाधनको लाइसेन्स र ट्राइल बाहेकका सबै सेवा यहीबाट उपलब्ध हुने यातायात व्यवस्था सेवा कार्यालय राजविराजका निमित्त कार्यालय प्रमुख शशीप्रसाद यादवले जानकारी दिएका छन् ।

मधेश प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव दिपककुमार दासको अध्यक्षतामा आयोजित कार्यालय उद्घाटन समारोहमा प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, जिल्ला समनवय समितिका उपप्रमुख शम्भुप्रसाद यादव, राजविराज नगरपालिकाका प्रमुख भिमराज यादव (हाल निलम्बित अवस्थामा रहेका), उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष लालुप्रसाद अग्रवाल, आदिवासी जनजाती महासंघ सप्तरीका अध्यक्ष अरुण प्रधान, माउन्ट सगरमाथा यातायात संघका संचालक सदस्य दिनेश गुप्ता, सगरमाथा ट्रक एशोसिएशनका अध्यक्ष जगदीश अर्याल लगायतले कार्यालय पुनस्थापना भएकोमा खुशी व्यक्त गर्दै कार्यालयबाट सरल र सहज ढंगबाट सेवा प्रदान हुनुपर्नेमा जोड दिएका थिए ।


जन ज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**



## कोभिड-१९ को जोखिम पुनः देखा परेको छ।

यसबाट बच्न र बचाउनः
- सही तरिकाले मास्क लगाऔं।
- भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दुरी कायम राखौं।
- साबुनपानीले नियमित हात धोऔं वा स्यानिटाइजर प्रयोग गरौं।
- खोक्दा वा हाच्छिँयू गर्दा नाक, मुख छोप्ने गरौं।
- घर तथा कार्यालयमा नियमित सेनेटाइज गरौं।
- अनावश्यक भीडभाड नगरौं।
- हावा ओहोरदोहोर नहुने स्थान र भीडभाडमा नजाऔं।
- कोभिड-१९ विरुद्ध खोप लगाउन बाँकी भए तत्काल लगाऔं।
- कोभिडको लक्षण देखिएमा समयमा नै परीक्षण गरौं।

सतर्क र सचेत बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु

ipay remit
City Express Money Transfer — Money Transfer Made Easy
Best Remit — Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME — International Money Express
himal remit — हिमालरेमिट
CG Money — Chaudhary Group

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*